फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

च.नं: २०८०/८१/४५

मिति: २०८०/०८/२९

श्री नेपाल स्टक एक्सचेन्ज
युनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौं ।

बिषयः साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता किताव बन्द (Book Close) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८०/०८/१३ मा बसेको सञ्चालक समितिको २११ औं बैठकबाट प्रस्ताव गरे वमोजिम आ.व. २०७९/८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तको कुल चुक्ता पूँजी रु. १,१४,७७,४५,९५६।- को ७.५ प्रतिशतले हुन आउने रकम रु. ८,६०,८०,९४६।- बरावरको बोनस लाभांश तथा ७.५ प्रतिशतले हुन आउने रु ८,६०,८०,९४६।- नगद लाभांश स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएको व्यहोरा जानकारी गराउँदछौ ।

साथै, मिति २०८०/८/२९ गते अपरान्ह ३ बजे बसेको सञ्चालक समितिको २१२ औं बैठकले यस लघुवित्त वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभा मिति २०८०/०९/२८ गते शनिवार विहान १०:०० बजे आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाण्डौंमा गर्ने निर्णय भएको र सो प्रयोजनका लागि मिति २०८०/०९/१२ गते एक दिन लघु वित्त वित्तीय संस्थाको शेयरधनी दर्ता किताव/शेयर दाखिल खारेज दर्ता वन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न**

१) साधारण सभा सम्वन्धी सुचना ।

भवदीय

विजय शर्मा
कम्पनी सचिव

**बोधार्थ**

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमालटार, ललितपुर
२) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
३) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
४) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५) श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को
## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरु,**

यस लघुवित्त वित्तीय संस्था लि.को सञ्चालक समितिको मिति २०८० साल मंसिर २९ गते शुक्रवार बसेको २१२ औं बैठकको निर्णयानुसार कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

मिति: २०८० पुष २८ गते शनिबार (तदनुसार जनवरी १३, २०२४)
समय: बिहान १०.०० बजे
स्थान: आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाडौं ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) नगद लाभांश पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

६) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्ब चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) बाट बृद्धि गरी रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई) पुऱ्याउने ।

७) सञ्चालकहरुको बैठक भत्ता पुनरावलोकन गर्ने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

९) सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

First Microfinance

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१ साधारण सभा प्रयोजनको लागि मिति २०८०/०९/१२ गते एक दिन लघु वित्त वित्तीय संस्थाको शेयरधनी दर्ता किताव/शेयर दाखिल खारेज दर्ता वन्द रहने छ । मिति २०८०/०९/११ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई मिति २०८०/०९/१८ गतेसम्म यस लघु वित्त वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्शाल काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन योग्य हुनु हुन्छ ।

२ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान: ९ बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहने छ ।

३ सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागी साधारण सभा वस्ने मिति, समय, स्थान र छलफलका विषयहरू सहितको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरणहरु यस लघु वित्त वित्तीय संस्थाको वेबसाइट www.fmdb.com.np मा प्रकाशित गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले संलग्न प्रवेश पत्रको साथै हितग्राहि खाता खोलिएको (डिम्याट)/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिइ आउनु हुन अनुरोध छ ।

४ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८० साल पुष २६ गते विहान १०.०० वजे भित्रै लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाडौंमा दर्ता गराइ सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत लघु वित्त वित्तिय संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

५ प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुने छ ।

६ प्रतिनिधि नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा अघि मुकरर गरिएको प्रतिनिधि स्वत: वदर हुने छ ।

७ प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त मुकरर गरिएको प्रतिनिधि स्वत: वदर हुनेछ साथै अर्को प्रतिनिधि मुकरर गरिएको अवस्थामा पछिल्लो मुकरर प्रतिनिधि कायम हुने छ ।

८ नाबालक शेयरधनीको तर्फबाट लघु वित्त वित्तिय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुने छ ।

९ शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।

१० छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहनुभएको विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत लघु वित्त वित्तिय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

११ कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयवाट उपलब्ध हुने छ ।

१२. माथि दफाहरुमा उल्लेखित दिनमा कुनैपनि सार्वजनिक विदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त तोकिएको समय सीमा सम्म कम्पनी कार्यालय खुल्ला रहने छ ।

First Microfinance